केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ्ग

# बैकल्पिकउर्जा प्रबर्द्धन केन्द्रको सूचीमा परेका उत्पादक कम्पनीहरु बाट सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

*(प्रस्ताव आव्हान गरिएको मिति : २०७६/११/१५)*

बैकल्पिकउर्जा प्रवर्द्धन केन्द्रको सफलसूचीमा परेका उत्पादक कम्पनीहरु बाट केदारस्युं गाउँपालिका अन्तरगत तपसिलका कार्यक्रमहरुको दरभाउ पत्र पेश गर्नका लागी सूचना आव्हान गरिएको छ ।

१. आवेदक उत्पादक कम्पनीले दरभाउ पत्र फारम भरी यो सूचना प्रकासित भएको मिति बाट १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आवस्यक कागजात सहित मूल्यअभिवृद्धि कर वर्ताको प्रमाणपत्र,आयकर वर्ता प्रमाण पत्र र आ.व. २०७५/२०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ संलग्न राखी रु १,०००।० (अक्षेरेपी एक हजार मात्र पछि फेर्ता नहुने गरी) यस गाउँपालिका को कार्यालय देउरा बझाङ्ग बाट खरिद गर्न सकिने छ ।

२. प्रस्तावको मूल्यांकन गुणस्तर तथा न्यूनतम लागतमा आधारित प्रकृया (Quality and Least Cost Based Selection-QLCBS) अनुसार गरिनेछ ।

३. उत्पादक कम्पनीले सप्लाई तथा जडान सहितको सम्पुर्ण कार्य लागत र डिजाईन इस्पेसिफिकेशन अनुसार गर्नु पर्ने छ ।

४. खरिद भएका शिलबन्दि दरभाउ पत्र प्रथम पटक सूचना प्रकासित भएका मितिले १६औं (सोह्रौं) दिनको १२ बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि दरभाउ पत्र दाताको नाम र ठेगाना सहित कामको विवरण स्पष्ट खुलाई फर्मको छाप र शिलवन्दि लाहा छाप लगाई यस कार्यालयमा वर्ता गराउनु पर्ने छ सोहि दिनको २ (दुई) बजे प्रतिनिधिको रोहोबरमा खोलिने छ साथै प्रतिनिधि उपलब्ध नभएको खण्डमा खोलिने कार्यमा बाधा पर्ने छैन ।

५. सिलबन्दि दरभाउ पत्रसाथ धरौटी वापत कबुल अंकको २.५ प्रतिशत (साढे दुई प्रतिशत) ले तल उल्लेखित जमानत वापतको धरौटी रकम यस कार्यालयको नाममा कोष तथा लेखानियन्त्रक कार्यालय बझाङ्गमा रहेको ४११०३०३००७१११ खातामा धरौटी जम्मा गरेको सक्कलै बैंक भौचर वा शिलबन्दि दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तिमा ७५ दिन म्याद भएका नेपाल सरकारबाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड वन्ड (बैंक ग्यारेन्टी) पेश गर्नु पर्ने छ ।

६. दरभाउ पत्र खरिद गर्ने, वर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन वर्ता गरिने वा खोलिनेछ

७. दरभाउ पत्रमा दररेट लेख्दा अँक र अक्षरमा स्पष्ट लेख्नुपर्ने छ । अँक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । अँक र अक्षरमा केरमेट भएमा दस्तखत र छाप अनिवार्य लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगीआएको दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. अन्यशर्तहरु बैकल्पिकउर्जा प्रवर्द्धन केन्द्रको निर्देशिका बमोजिम हुनेछ । आपुर्ति तथा जडान कार्य डिजाईन र स्पेसिफिकेशन बमोजिम गर्नु पर्ने छ ।

११. यो सूचनामा केहि शंसोधन गर्नु परेमा सो को सूचना केदारस्युँ गाउँपालिकाकाको कार्यालय, देउरा, बझाङ्ग को सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थपजानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३. सम्बन्धित सप्लायर्सले जडान स्थल सम्म ढुवानी गरी जडानकार्य सम्पन्न गर्नु पर्ने छ ।

१४. यसमा उल्लेख नभयका अन्य कुराहरुको हकमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ अन्य थप कुरा बुझ्नुपरेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरि बुझ्न सकिनेछ ।

१५. तपसिल मा उल्लेखित कार्यक्रमहरुको भुक्तानि प्रक्रिया गाउपालिका बाट बिनियोजित महलको रकम गाउपालिकाबाट भुक्तानि गरिनेछ र वैकल्पीक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान महलको रकम सम्बन्धित कम्पनिले नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ अनुरुप वैकल्पीक ऊर्जा प्रवर्द्धन केन्द्र बाट भुक्तानि लिनु पर्नेछ ।

***तपसिल :***

| सि.नं. | कामको विवरण | परिमाण | ला.ई.रकम भ्याट र कन्टेन्जेन्सी बाहेक रु. | | | धरौटी रकम रु. | खरिद मुल्य रु. | खरिद अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | गा.पा. बाट बिनियोजीत | वैकल्पीक ऊर्जाको अनुदान | जम्मा | | | |
| २०७६/२०७७/०१ | सौर्य सडक बत्ति आपुर्ति तथा जडान कार्य | १० वटा | ११,२८,०००.०० | ०.०० | ११,२८,०००.०० | २८,२००.०० | १०००.०० | |
| २०७६/२०७७/०२ | दुई मुखे फलामे चुलो आपुर्ति तथा जडान कार्य | २०० वटा | ९,६९,९११.५० | ८,००,०००.०० | १७,६९,९११.५० | ४४,५००.०० | १०००.०० | |
| २०७६/२०७७/०३ | संस्थागत सोलार आपुर्ति तथा जडान कार्य १ कि.वा.(टाईप - १) | ५ सेट | ४,१४,०००.०० | ५,६२,३२६.११ | ९,७६,३२६.११ | २४,५००.०० | १०००.०० | २०७६।११।२९ |
| २०७६/२०७७/०४ | धार्मिकस्थल तथा घरेलु सोलार आपुर्ति तथा जडान कार्य प्रति सेट ५० वाट | ५३ सेट | ४,९५,०००.०० | ४,९९,४७७.३५ | ९,९४,४७७.३५ | २४,९००.०० | १०००.०० | |
| २०७६/२०७७/०५ | आधुनिक घट्ट | १२ वटा | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ७,५००.०० | १०००.०० | |
| जम्मा | | | ३३,०६,९११.५० | १८,६१,८०३.४६ | ५१,६८,७१४.९६ | १,२९,६००.०० | ५०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner